# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (१५ जिल्ला कार्य क्षेत्र भएको)

दर्ता नं. १२२६/०६६/०६७

इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/२१/०६७/०६८


च.नं.४९३/२०८१/०८२

मिति : २०८१/१०/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
यूएनआई शान्ती मार्ग, भद्रकाली, काठमाण्डौं ।

**विषय : वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/१०/२८ गते सोमवारका दिन बेलुकी ५:१० बजे बसेको सञ्चालक समितिको २३१औं बैठकले यस वित्तीय संस्थाको १४औं वार्षिक साधारण सभा मिति २०८१ फाल्गुण २४ गते (तदनुसार मार्च ०८,२०२५) शनिवारका दिन अपराह्न १:०० बजे बुटवल उप-महानगरपालिका वडा नं. ०९ स्थित होटल न्यू ईरामा बस्ने निर्णय भएको व्यहोरा तँहाको जानकारीको लागि अनुरोध छ । शेयरधनी महानुभावहरुको जानकारीको लागि साधारण सभा सम्बन्धी सूचना मिति २०८१/१०/२९ गतेको दैनिक लुम्बनी राष्ट्रिय पत्रिकामा प्रकाशित गरिएको छ । उक्त वार्षिक साधारण सभाका लागि यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताब देहाय बमोजिम बन्द रहने हुँदा आवश्यक सहयोगको लागि अनुरोध गर्दछौं ।

**शेयरधनी दर्ता किताब बन्द रहने:**

१४औं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८१/११/०६ गते वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्जमा मिति २०८१/११/०५ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि. नक्साल काठमाण्डौंमा शेयर नामसारीको लागि प्राप्त विवरणको आधारमा कायम रहेका शेयरधनीहरु यस वार्षिक साधारण सभामा भाग लिन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सूचित गरिन्छ ।

भवदीय,

सुनिल कुमार राय
कम्पनी सचिव

**बोधार्थ:**

१. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग बालुवाटार, काठमाण्डौं ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग बालुवाटार, काठमाण्डौं
१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक काठमाण्डौं ।
४. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।